# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी कैलाली
## सुदूर पश्चिम प्रदेश,नेपाल

प.स.०७६।०७७
च.नं.

बिषयः कनरी पार्क संचालन तथा ब्यवस्थापन सम्वन्धी आशयपत्र आव्हानको सूचना ।

प्रथम पटक प्रकाशित मितिः२०७६।४।२२

१। यस धनगढी उपमहानगरपालिका नगर कार्यपालिका कार्यालयले सार्वजनिक निजी साझेदारी प्रणाली अन्तर्गत योग्यता पूगेका फर्म, कम्पनी वा गैरसरकारी संस्थाहरू मार्फत धनगढी उपमहानगरपालिका वडा नं। १५ स्थित कनरी पार्कको सञ्चालन तथा ब्यवस्थापन कार्य गराउन लागेको ब्यहोरा सुचित गरिन्छ । सो कार्यका लागि धनगढी उपमहानगरपालिका संग साझेदारीको भावना अनूरूप काम गर्न इच्छूक योग्यता पुगेका फर्म, कम्पनी वा गैरसरकारी संस्थाहरूका लागि आशय पत्र पेश गर्न यो १५ दिने सार्वजनिक सूचना प्रथम पटक प्रकाशित गरिएको छ । यस सम्बन्धि थप जानकारी आवश्यक भए कार्यालयको योजना तथा राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

१। परियोजनाको संक्षिप्त विवरणः धनगढी उपमहानगरपालिका वडा नं १५ मा नवनिर्मित कनरी पार्क आगामी १० वर्षका लागि ब्यवसायीक तवरले संचालन तथा ब्यबस्थापन गर्ने कार्य ।

२। साझेदारको न्यूनतम योग्यताःप्रचलित कानून वमोजिम सरकारका निकायहरूसंग संस्थागत दर्ता र नविकरण रहेको । सरकारका निकायसंग साझेदारीमा कार्य गरेको न्यूनतम २ वर्षको अनूभव । सम्वद्ध कम्पनी, फर्म वा संस्थाको गत २ आर्थिक वर्षमा न्युनतम १ करोड बराबरको कारोबार रहेको ।

३। आशय पत्र पेश गर्ने मिति समय र स्थानः २०७६।४।२२ गते देखि ०७६।५।५ गते दिनको १२:०० बजे भित्र , धनगढी उपमहागरपालिका कार्यलय ।

४। आशय पत्र उपर जाचबुझ गरी संक्षिप्त सुची तयार गरिनेः आवेदन पेश गर्ने अन्तिम मितिको १५ दिन भित्र । उक्त दिन सार्वजनिक विदा परे लगतै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

५। आशय पत्रमा संलग्न गर्नुपर्नेःआशय पत्रको निवेदन ,प्रचलित कानुन वमोजिम दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्र ,कार्य अनुभव झल्किने कागजात, कारोबार देखिने बैंक स्टेटमेन्ट र अन्य आवस्यक कुरा ।

६। सम्झौताका कानुनी आधारहरूः धनगढी उप महानगरपालिकाको सार्वजनिक निजी साझेदारी ऐन २०७४ , सार्वजनिक निजी साझेदारी तथा लगानी सम्वन्धमा ब्यवस्थापन गर्न बनेको ऐन २०७५, स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ ।

७। मनसाय पत्र आह्वान सम्वन्धी कागजात धनगढी उप महानगरपालिकाको कार्यालयबाट मिति गते कार्यालय समय भित्र रू ३०००। (फिर्ता नहुने) बुझाई खरिद गर्न सकिने छ ।

८। समय सीमाा नाघी प्राप्त भएका तथा कुनै शर्तहरू राखि पेश भएका मनसायपत्रहरू मान्य हुने छैनन । साथै कुनै मनसायपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।-

... आपकोटा